राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ | अंक ९४ | २०८३ कात्तिक ९ गते सोमवार (26 Oct. 2026) पृष्ठ ४ | मूल्य रु. ३।-

## पुरुष झुण्डिएको अवस्थामा फेला



दैनिक समाचारदाता
जनकपुरधाम, ८ कात्तिक । धनुषामा धारिलो हतियार प्रहार गरी श्रीमतीको हत्या गरेको आरोप लागेका श्रीमान् झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । घटनामा चार वर्षीय छोरा समेत घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार गणेशमान चारनाथ नगरपालिका -४, भरतपुरका करिब ३५ वर्षीय उमेश यादवले मिथिला बिहारी नगरपालिका -३, मिथिलेश्वरस्थित ससुरालीमा आफ्नी ३० वर्षीया श्रीमती रिना यादव र चार वर्षीय छोरा सम्राट यादवमाथि धारिलो हतियार प्रहार गरेका थिए।

प्रहरीका अनुसार यादव शनिबार राति करिब ९ बजे ससुराली पुगेका थिए । आइतबार बिहान करिब पौने २ बजे श्रीमती र छोरामाथि धारिलो हतियार प्रहार गरेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय धनुषाधामबाट खटिएको प्रहरी टोली घटनास्थल पुगेको थियो ।

बाँकी पृष्ठ ४मा

# रतौलीबाट जानकी मन्दिरमा १०८ भाड

### १४२ वर्ष पुरानो परम्पराले कोजाग्रत पूर्णिमाको धार्मिक तथा सांस्कृतिक महत्त्व उजागर गर्दै

दैनिक समाचारदाता
जनकपुरधाम, ८ कात्तिक । मिथिलाञ्चलमा धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको कोजाग्रत पूर्णिमा श्रद्धा र उल्लासका साथ मनाइएको छ । यस अवसरमा महोत्तरीको रतौलीबाट जनकपुरधामस्थित जानकी मन्दिरमा १०८ प्रकारका पाहुर (भाड) ल्याइएको छ ।
प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाका दिन रतौलीबाट ल्याइने पाहुरबाट भगवान् सीतारामको चुमाओन गर्ने परम्परा रहिआएको छ ।
महोत्तरीको रतौली निवासी स्वर्गीय महेन्द्रप्रसाद ठाकुरको घरबाट ल्याइएको पाहुरमा पान, मखान, लड्डु, खाजा, चामल, दाल, तरकारीलगायत सामग्री छन्। साथै, भगवान् राम र माता जानकीका लागि वस्त्रसमेत ल्याइएको छ।
रतौलीबाट जानकी मन्दिरमा पाहुर ल्याउने परम्परा १४२ वर्षदेखि निरन्तर चल्दै आएको नवीन ठाकुरले बताए। उनले यस



ऐतिहासिक परम्परालाई आगामी पुस्तासम्म निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।
कोजाग्रत पूर्णिमाका अवसरमा जानकी मन्दिरमा भजनकीर्तनलगायत धार्मिक कार्यक्रम आयोजना गरिन्छन्। पर्वलाई थप उल्लासमय बनाउन हास्यपरिहासका कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन्।
जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवका अनुसार यस्ता कार्यक्रमले पर्वको धार्मिक तथा सांस्कृतिक महत्त्वलाई उजागर गर्नुका साथै मिथिलाको मौलिक परम्परालाई जीवन्त राख्न मद्दत पुर्‍याउँदै आएका छन्।
कोजाग्रत पूर्णिमा मिथिलाञ्चलमा नवविवाहित दम्पतीका लागि पनि विशेष महत्त्वको पर्व हो। यस दिन बेहुलाको ससुरालीबाट पाहुर ल्याएर बेहुलाको चुमाओन गर्ने परम्परा छ।
चुमाओनपछि विशेष मन्त्र उच्चारण गर्दै बेहुलालाई दुर्वाक्षत दिने गरिन्छ। त्यसपछि बेहुलाको घरमा भोजभतेर आयोजना गरी आफन्त तथा इष्टमित्रसँग खुसी साटासाट गर्ने चलन छ।
यस पर्वमा पान र मखान बाँड्ने परम्पराले पनि विशेष स्थान पाएको छ। धार्मिक आस्था, पारिवारिक सम्बन्ध र सामाजिक सद्भावसँग जोडिएको कोजाग्रत पूर्णिमाले मिथिलाञ्चलको मौलिक संस्कृति र परम्परालाई एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ।

# जनकपुरधामका सिनेमा हल संकटमा

### प्रविधिको विकास, दर्शकको बदलिँदो रुचि र लगानी अभावले जनकपुरधामका पुराना सिनेमा हल सङ्कटमा; ऐतिहासिक पहिचान बोकेको हनुमान टाँकिज बन्द

दैनिक समाचारदाता
जनकपुरधाम, ८ कात्तिक । कुनै बेला सिनेमा हेर्न टिकट पाउन मुस्किल हुन्थ्यो । बिहान ९ बजेदेखि राति ९ बजेसम्म चारवटा शो सञ्चालन हुन्थे । गाउँगाउँबाट दर्शक सिनेमा हेर्न जनकपुरधाम पुग्थे । हलमा टिकट नपाएपछि ब्ल्याकमा किन्नुपर्ने बाध्यता हुन्थ्यो । तर, समय बदलिएको छ । दर्शकको भीडले भरिभराउ हुने सिनेमा हल अहिले सुनसान बन्दै गएका छन् । कुनै बेला जनकपुरधामको मनोरञ्जन र सामाजिक जमघटको केन्द्र बनेका हलमध्ये केही बन्द भइसकेका छन् भने केही अस्तित्व जोगाउने सङ्घर्षमा छन् ।

जनकपुरधामको सबैभन्दा पुरानो सिनेमा हलका रूपमा स्थापित हनुमान टाँकिज कुनै



समय दर्शकको प्रमुख आकर्षण थियो । त्यसपछि निर्माण भएका निलम, आशा, गिरिजा र रामजानकी टाँकिजले पनि चलचित्र प्रदर्शनमा प्रतिस्पर्धा गर्थे । चारवटै हलमा दर्शकको चाप हुन्थ्यो । नयाँ चलचित्र लाग्दा टिकट पाउनै कठिन हुने अवस्था थियो । तर, अहिले ती हलको विगतको चमक हराउँदै गएको छ । कुनै हलको अवस्था दयनीय छ भने हनुमान टाँकिज बन्द भइसकेको छ ।

सिनेमा हलको यो अवस्था आउनुमा प्रविधिको विकाससँगै दर्शकको रुचिमा आएको परिवर्तन, चलचित्र निर्माणको शैली र लगानी अभावलगायत कारण जिम्मेवार देखिन्छन् । डिजिटल प्रविधिको विस्तार भए पनि हलको पूर्वाधार र प्रदर्शन प्रणालीमा अपेक्षित सुधार हुन नसक्नु अर्को चुनौती बनेको छ । पुराना उपकरण, आधुनिक सुविधाको कमी र पर्याप्त लगानीको अभावले हल सञ्चालकलाई प्रतिस्पर्धा गर्न कठिन बनाएको छ । त्यसमाथि युट्युब र इन्टरनेटका अन्य माध्यमबाट घरमै चलचित्र हेर्न सकिने सुविधाले हलसम्म पुग्ने दर्शकको सङ्ख्या घटाएको व्यवसायीको भनाइ छ ।

पत्रकार वीरेन्द्र कर्णका अनुसार पहिले सामाजिक परिवेश, पारिवारिक सम्बन्ध र राजनीतिक घटनाक्रममा

बाँकी पृष्ठ ४मा



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब अनलाइनबाट
बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# छठको मौलिकता जोगाऔँ

लोकआस्था, श्रद्धा, शुद्धता र सामाजिक सद्भावको अनुपम प्रतीक छठ पर्व नजिकिँदै गर्दा तराई मधेशका जिल्लाहरका बजारमा चहलपहल बढ्न थालेको छ । ढाकी, सुप, नाङ्लो र कोनियाजस्ता बाँसका सामग्रीको किनमेलले बजारमा पर्वको रौनक थपिएको छ । यो चहलपहल मात्र  किनमेलको दृश्य होइन, बरु मिथिलाको मौलिक संस्कृति, परम्परागत सीप र सामुदायिक एकताको जीवन्त अभिव्यक्ति पनि हो ।

छठ प्रकृति र मानवबीचको सम्बन्धलाई सम्मान गर्ने पर्व हो । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै व्रतालुहरूले परिवारको सुख, शान्ति, समृद्धि र आरोग्यको कामना गर्छन्। कठोर व्रत, पवित्रता, संयम र अनुशासन यस पर्वका विशिष्ट विशेषता हुन् । यसले मानिसलाई प्रकृतिप्रति कृतज्ञ हुन र जीवनमा शुद्धता तथा सद्भावको महत्त्व बुझ्न प्रेरित गर्छ।

छठको अर्को महत्त्वपूर्ण पक्ष बाँसबाट निर्मित पूजासामग्रीको प्रयोग हो। ढाकी, सुप र नाङ्लो केवल पूजाका साधन होइनन्, यी मिथिलाको परम्परागत हस्तकला र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको सीपका प्रतीक पनि हुन् । आधुनिक सामग्रीको प्रयोग बढिरहेको वर्तमान समयमा पनि छठमा बाँसका सामग्रीप्रतिको आकर्षण कायम रहनु सकारात्मक पक्ष हो। यसले स्थानीय कारीगर र व्यापारीलाई आम्दानीको अवसर दिनुका साथै परम्परागत पेसालाई निरन्तरता दिन सहयोग पुऱ्याउँछ ।

तर, छठको मौलिकता बजारको चहलपहल र पूजासामग्रीको प्रयोगमा मात्र सीमित हुनु हुँदैन। यसको वास्तविक शक्ति स्वच्छता, सादगी, अनुशासन र सामूहिक सहभागितामा निहित छ। पर्वका नाममा हुने अनावश्यक तडकभडक, फजुल खर्च र प्रदूषणलाई निरुत्साहित गर्दै यसको मूल भावनालाई आत्मसात् गर्न आवश्यक छ। नदी, पोखरी तथा जलाशयको सरसफाइ, घाटको व्यवस्थित व्यवस्थापन र वातावरण संरक्षणलाई पर्वको अभिन्न हिस्सा बनाउनुपर्छ ।

स्थानीय तहले छठ घाटको सरसफाइ, सुरक्षित आवागमन, खानेपानी, प्रकाश र फोहोर व्यवस्थापनमा समयमै ध्यान दिनुपर्छ। व्यापारीले गुणस्तरीय सामग्री उपलब्ध गराउने र उपभोक्ताले स्थानीय उत्पादनलाई प्राथमिकता दिने हो भने यस पर्वले स्थानीय अर्थतन्त्रलाई समेत बलियो बनाउन सक्छ।

छठले परिवारलाई जोड्छ, समुदायलाई एकताबद्ध बनाउँछ र सामाजिक सद्भावको सन्देश फैलाउँछ। त्यसैले यसको संरक्षण केवल व्रतालु वा कुनै समुदायको जिम्मेवारी होइन, सम्पूर्ण समाजको साझा दायित्व हो। आस्था र परम्परालाई व्यवहारमा उतार्दै स्वच्छ, सभ्य र वातावरणमैत्री ढङ्गले छठ मनाउन सके मात्र यसको वास्तविक महत्त्व सुरक्षित रहनेछ।

छठको उज्यालो सूर्यको अर्घ्यमा मात्र होइन, हाम्रो व्यवहार, सामाजिक एकता र सांस्कृतिक चेतनामा पनि प्रतिबिम्बित हुनुपर्छ।

# दलितको मत, नेतृत्वमा किन उपेक्षा ?



सिजेन्द्र सादा

मधेश प्रदेशमा निर्वाचनको सरगर्मी बढेसँगै राजनीतिक दलहरू फेरि दलित बस्तीमा आश्वासन बाँड्न थालेका छन्। प्रदेशको कुल जनसंख्याको करिब १८ प्रतिशत हिस्सा ओगट्ने दलित समुदाय हरेक निर्वाचनमा राजनीतिक दलका लागि महत्त्वपूर्ण मतदाता बन्दै आएको छ। तर निर्वाचन सकिएपछि सत्ता, शक्ति र नेतृत्वको बाँडफाँटमा यही समुदाय किन पछाडि पारिन्छ? यो प्रश्न मधेशको लोकतान्त्रिक अभ्यास र समावेशितामाथि गम्भीर चुनौती बनेको छ।




संविधान र निर्वाचनसम्बन्धी कानुनले स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गरेपछि संख्यात्मक सहभागिता बढेको छ। तर प्रतिनिधित्व हुनु र निर्णय प्रक्रियामा प्रभावकारी भूमिका पाउनु फरक कुरा हुन्। राजनीतिक दलहरूले प्रमुख, उपप्रमुख, अध्यक्ष र वडाध्यक्षजस्ता निर्णायक पदमा दलित समुदायलाई उम्मेदवार बनाउन अझै पर्याप्त तत्परता देखाएका छैनन्। दलितको उल्लेख्य जनसंख्या भएका पालिकामा समेत नेतृत्वको अवसर सीमित हुनु समावेशिताको व्यावहारिक कार्यान्वयनमाथि प्रश्न हो। चुनावी गठबन्धन र राजनीतिक स्वार्थका नाममा दलित महिला तथा समग्र दलित समुदायको प्रतिनिधित्व कमजोर पार्ने प्रवृत्ति अन्त्य हुनुपर्छ।

मधेशका दलित समुदाय आज पनि गरिबी, भूमिहीनता, सामाजिक बहिष्कार र जातीय विभेदको बहुआयामिक चपेटामा छन्। सिरहा र सप्तरीका हरवा-चरवाहरूलाई मुक्त घोषणा गरिए पनि पुन:स्थापना, आवास र जीविकोपार्जनको भरपर्दो व्यवस्था नहुँदा उनीहरूको जीवनमा अपेक्षित परिवर्तन आउन सकेको छैन। अर्कोतर्फ, धनुषाजस्तो सुगम जिल्लामा समेत इनार र चापाकलबाट पानी भर्ने विषयमा दलितमाथि हुने विभेद र कुटपिटका घटनाले सामाजिक न्यायको अवस्थामाथि प्रश्न उठाउँछन्। कानुन बनेर मात्र हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै आवश्यक हुन्छ।

मधेश प्रदेश सरकारले दलित सशक्तीकरणसम्बन्धी कानुन ल्याउनु सकारात्मक कदम हो। तर स्थानीय तहमा यसको प्रभावकारी कार्यान्वयन, दलित बस्तीको विकासका लागि पर्याप्त बजेट, जातीय विभेदको अनुगमन र पीडितलाई न्याय दिलाउने संयन्त्र सक्रिय नभएसम्म कानुनको उद्देश्य पूरा हुँदैन। शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र परम्परागत सीपको आधुनिकीकरणमा दलित समुदायको सहज पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। सार्वजनिक स्थलमा हुने जातीय विभेदको अन्त्य भाषणबाट होइन, व्यवहार र जवाफदेहिताबाट सम्भव हुन्छ।

आफ्नै भूमि र सुरक्षित आवासबाट वञ्चित नागरिकले लोकतन्त्रको पूर्ण अनुभूति कसरी गर्न सक्छन्? यो प्रश्न राजनीतिक दल र राज्यका सबै निकायले गम्भीरतापूर्वक लिनुपर्छ। दलित समुदायलाई केवल मतदाताका रूपमा हेर्ने प्रवृत्ति बदल्न आवश्यक छ। जनसंख्याको अनुपात, सामाजिक न्याय र समावेशिताको मर्मअनुसार उनीहरूलाई नेतृत्व तथा नीति निर्माणमा अर्थपूर्ण अवसर दिनुपर्छ।

आगामी निर्वाचनमा दलित समुदायले आश्वासनभन्दा स्पष्ट प्रतिबद्धता, घोषणापत्रभन्दा कार्ययोजना र भाषणभन्दा कार्यान्वयनको आधार खोज्नुपर्छ। राजनीतिक दलहरूले उम्मेदवारी, बजेट र नीतिगत निर्णयमा आफ्नो प्रतिबद्धता व्यवहारबाट प्रमाणित गर्नुपर्छ। दलित अगुवा र नागरिक समाजले पनि प्रतिनिधित्व, विकास र सामाजिक न्यायका सवालमा निरन्तर निगरानी गर्नुपर्छ।

मधेशमा लोकतन्त्र र संघीयता तब मात्र सार्थक हुन्छन्, जब दलित समुदायले मताधिकारसँगै नेतृत्व, सम्मान र समान अवसरको वास्तविक अनुभूति गर्न पाउँछ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दु:ख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

जीवन संघर्ष

# दलित समुदायका पहिलो मन्त्री लखन दास



**कैलास दास**

संघर्षले भाग्यको दिशा बदल्न सक्छ। दृढ इच्छाशक्ति, निरन्तर परिश्रम र अटुट आत्मविश्वासले जीवनका हरेक बाधा छिचोल्दै सफलताको शिखरमा पुग्न सकिन्छ। अभाव र विभेदका पर्खाल भत्काएर आफ्नो पहिचान स्थापित गर्न सकिन्छ। यसको उदाहरण हुन(मधेश प्रदेशमा दलित समुदायबाट मन्त्री बन्न सफल लखन दास तत्मा। उनको जीवनयात्रा व्यक्तिगत सफलता मात्र होइन, सामाजिक विभेद, गरिबी र अभावसँग जुधिरहेको एउटा समुदायको आशा, साहस र आत्मसम्मान पनि हो।

मधेश प्रदेशमा दलित समुदायको जनसंख्या करिब १८ प्रतिशत छ। तर यो समुदाय अझै पनि अशिक्षा, बेरोजगारी, आर्थिक विपन्नता, राजनीतिक पहुँचको अभाव र सामाजिक विभेदको मारमा छ। संविधानले सबै जातजाति र समुदायको समावेशी सहभागिताको व्यवस्था गरे पनि समाज र राजनीतिक दलभित्र जरा गाडेर बसेको विभेदकारी मानसिकताका कारण मधेशी दलित समुदायले लामो समयसम्म राज्यसत्ताको निर्णायक तहमा पुग्ने अवसर पाउन सकेन। यस्तो प्रतिकूल परिस्थितिमा दलित समुदायबाट मन्त्री बन्न सफल हुनु दासको व्यक्तिगत उपलब्धि मात्र नभई समग्र समुदायका लागि गौरवको विषय बनेको छ।

अभावले घेरिएको सानो झुपडीमा जन्मिएका दासको बाल्यकाल निकै कष्टपूर्ण थियो। धनुषाको विदेह नगरपालिका(५ मा आमा रामपरी देवीको कोखबाट जन्मिएका उनको परिवारमा बिहान( बेलुका चुल्हो बल्ने निश्चित हुँदैनथ्यो। उनका बुवा स्वर्गीय जोलहा दास तत्मा अरूको खेतमा मजदुरी गरेर परिवारको गुजारा चलाउँथे। आमाबुवाको दिनभरको पसिनाले जुटाएको अन्नले परिवारको भोक मेटाउनसमेत मुस्किल पर्थ्यो। जाडोमा शरीर ढाक्ने न्यानो कपडाको अभाव थियो। कतिपय दिन उनी भोकै विद्यालय जान बाध्य हुन्थे। कहिलेकाहीँ ढिकीमा धान कुटेर चामल निकाली खाना पकाएपछि मात्र विद्यालय पुग्ने अवस्था हुन्थ्यो।

तर अभावले उनको सपना मार्न सकेन। बरु, कठिन परिस्थितिले नै केही गरेर देखाउने अठोटलाई थप बलियो बनायो। गरिबी र



सामाजिक विभेदको घेराभित्र हुर्किएका दासले शिक्षालाई जीवन बदल्ने सबैभन्दा प्रभावकारी माध्यमका रूपमा आत्मसात् गरे। यही विश्वास र संघर्षले उनलाई आजको अवस्थासम्म पुऱ्याएको हो। उनी मन्त्री बन्नु व्यक्तिगत सफलतामा मात्र सीमित रहेन, दलित समुदायको आत्मसम्मान र राजनीतिक प्रतिनिधित्वको दृष्टिले पनि महत्त्वपूर्ण उपलब्धि बन्यो।

दासले श्री राष्ट्रिय प्राथमिक विद्यालय, धबौलीबाट कक्षा १ देखि ५ सम्मको अध्ययन पूरापछि एसएनआर जनता माध्यमिक विद्यालय, धबौलीबाट कक्षा ६ देखि १० सम्म अध्ययन गरे। उच्च शिक्षाका क्रममा सिरहास्थित श्री सूर्यनारायण सत्यनारायण मरबैता क्याम्पसबाट आईएड र बीएड पूरा गरे। त्यसपछि त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट गणित विषयमा एमएससी र एमएड तहसम्मको अध्ययन गरे।

आफ्नो बाल्यकाल सम्झँदै उनी भन्छन्, "कहिलेकाहीँ विद्यालय जानुअघि पेटमा अन्न हुँदैनथ्यो। भोक र समाजका विभेदकारी व्यवहारले मलाई पढेर केही गरेर देखाउनुपर्छ भन्ने सोच दियो। शिक्षालाई नै परिवर्तनको हतियार बनाउन सकिन्छ भन्ने विश्वासका साथ संघर्षमा उत्रिएँ।"

उनको यही अठोटले शैक्षिक यात्रामा उल्लेखनीय सफलता दिलायो। प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा उत्कृष्ट प्रदर्शन गर्दै छात्रवृत्ति प्राप्त गरे। स्नातकोत्तर तहसम्म पुग्दा उत्कृष्ट विद्यार्थीका रूपमा सम्मानित भए। अभावले घेरिएको जीवनमा यी उपलब्धि उनका लागि खुसीका क्षण मात्र थिएनन्, संघर्षको बाटो सही रहेको प्रमाण पनि थिए।

जीवनमा उनले आर्थिक कठिनाइसँगै जातीय विभेदको पीडा पनि भोगे। गरिबी र दलित समुदायमा जन्मिएकै कारण समाजमा अपमानित हुनुपर्ने अवस्थाले उनलाई कहिलेकाहीँ आफ्नो जन्म नै अभिशाप हो कि भन्ने अनुभूति गराउँथ्यो। तर अध्ययनका क्रममा महान् व्यक्तित्वहरूको जीवन र संघर्षबारे पढ्दा उनको मनमा नयाँ साहस पलाउँथ्यो। विशेषगरी डा. भीमराव अम्बेडकर र नेल्सन मण्डेलाको जीवनबाट उनले अन्यायविरुद्ध लड्ने प्रेरणा पाए। उनीहरूको संघर्षले व्यक्तिगत पीडालाई सामाजिक परिवर्तनको शक्तिमा रूपान्तरण गर्न सकिने विश्वास जगायो। त्यसपछि उनले आफ्नो दु:खलाई कमजोरी होइन, परिवर्तनको प्रेरणाका रूपमा लिन थाले।

गाउँमा गरिब तथा दलित महिलामाथि प्रभावशाली व्यक्तिहरूबाट हुने यौनशोषण र अन्यायविरुद्ध उनी आवाज उठाउँथे। तर अन्यायको प्रतिवाद गर्दा उल्टै आफू र आफ्ना साथीहरू कुटपिटको सिकार हुनुपरेको उनी बताउँछन्। स्थानीय प्रशासन र सुरक्षा निकायसमेत प्रभावमा पारिएको अवस्थामा आफू करिब दुई दिन हिरासतमा बस्नुपरेको र यातना भोग्नुपरेको उनको भनाइ छ। यी घटनाले उनलाई अन्यायविरुद्ध बोल्नुको मूल्य बुझाए, तर मौन बस्न सिकाएनन्। बरु, समाजमा व्याप्त शोषण, विभेद र असमानताविरुद्ध संगठित रूपमा आवाज उठाउनुपर्ने आवश्यकता महसुस गराए।

दास शिक्षालाई चेतना, आत्मसम्मान र सामाजिक रूपान्तरणको आधार मान्थे। "शिक्षा शेरनीको दूध हो, जसले जति पिउँछ, उति नै गर्जन सक्छ" भन्ने विचारबाट प्रभावित उनी शिक्षालाई शोषण र विभेदविरुद्ध लड्ने शक्तिका रूपमा हेर्थे। प्रारम्भमा उनको रुचि प्रत्यक्ष राजनीतिमा थिएन। सामन्तवादी सोच र आर्थिक शोषणले जकडिएको समाजलाई शिक्षामार्फत जागरूक बनाउन सकिन्छ भन्ने उनको विश्वास थियो। त्यसका लागि संगठनलाई सामूहिक शक्तिका रूपमा उपयोग गर्नुपर्ने उनी ठान्थे।

वि.सं. २०५३ मा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को सदस्य बनेपछि उनको राजनीतिक यात्रा सुरु भयो। विद्यार्थी राजनीतिमा सक्रिय हुँदै उनले संगठन, नेतृत्व र सामाजिक परिवर्तनको सम्बन्ध बुझ्ने अवसर पाए। शिक्षाले जनचेतना जगाउन सक्ने भए पनि समाजको संरचनागत परिवर्तनका लागि राजनीतिक शक्ति र निर्णय प्रक्रियामा सहभागिता आवश्यक हुन्छ भन्ने निष्कर्षमा पुगेपछि उनी सक्रिय राजनीतितर्फ थप आकर्षित भए।

वि.सं. २०७४ मा नेकपा माओवादीको नगर कमिटी अध्यक्ष बनेसँगै उनको राजनीतिक जिम्मेवारी बढ्दै गयो। वि.सं. २०७५ मा नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकीकरण भएर नेपाल कम्युनिस्ट पार्टी गठन भयो। पछि पार्टी विभाजन भएपछि उनी नेकपा एमालेमा रहेर राजनीतिक गतिविधिलाई निरन्तरता दिँदै अघि बढे।

दासका लागि जीवनका सबैभन्दा खुसीका क्षणमध्ये प्रवीणता प्रमाणपत्र तह र स्नातक तहमा छात्रवृत्ति प्राप्त गर्नु तथा स्नातकोत्तर तहमा उत्कृष्ट विद्यार्थीका रूपमा सम्मानित हुनु प्रमुख छन्। गरिबी र अभावबीच अध्ययनलाई निरन्तरता दिएर हासिल गरेका यी उपलब्धिले उनको आत्मविश्वास बढाए। संघर्षबाट प्राप्त सफलताले मानिसको जीवन मात्र होइन, समाजप्रतिको दृष्टिकोणसमेत बदल्न सक्छ भन्ने विश्वासलाई बलियो बनाए।

लामो संघर्षपछि मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याणमन्त्री बन्नु उनको राजनीतिक यात्राको महत्त्वपूर्ण उपलब्धि बन्यो। गरिबी, भोक र विभेदसँग जुध्दै अघि बढेको एउटा व्यक्तिले प्रदेश सरकारको जिम्मेवारीसम्म पुग्नु आफैँमा प्रेरणादायी घटना हो। यसले अवसर पाएमा पछाडि पारिएको समुदायका व्यक्तिले पनि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन् भन्ने सन्देश दिएको छ।

तर उनको राजनीतिक यात्रा अझै चुनौतीमुक्त छैन। नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दलको गठबन्धन सरकारमा मन्त्री बनेका दासले केही दिनअघि पार्टीको निर्देशनअनुसार पदबाट राजीनामा दिएका छन्। अब बन्ने प्रदेश सरकारको नेतृत्वमा एमाले र मधेशकेन्द्रित दलहरूबीच सम्भावित समीकरणबारे चर्चा भइरहेका बेला उनी मुख्यमन्त्री पदका दाबेदारका रूपमा समेत प्रस्तुत भएका छन्।

मधेश प्रदेशको करिब १८ प्रतिशत जनसंख्याको प्रतिनिधित्व गर्ने दलित समुदायलाई राजनीतिको निर्णायक तहमा पुऱ्याउनुपर्ने माग अहिले झन् सान्दर्भिक बनेको छ। समावेशिता केवल मन्त्री पदमा सीमित हुनुहुँदैन; नीति निर्माण, स्रोतसाधनको वितरण र विकासका अवसरमा पनि समान सहभागिता सुनिश्चित हुनुपर्छ। दलित समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक सशक्तीकरणलाई प्राथमिकता दिन सके मात्र प्रदेशको समग्र विकासले गति लिन सक्छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# असोजमा पाँच अर्ब ९२ करोडको विद्युत् निर्यात

काठमाडौँ, ८ कात्तिक । नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३-८४ को असोज महिनामा भारततर्फ पाँच अर्ब ९२ करोड ५० लाख बराबरको विद्युत् निर्यात गरेको छ।

बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भइ निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आव भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोज महिनामा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताउनुभयो।

उहाँका अनुसार असोज महिनामा भारततर्फ निर्यात गरिएको कुल विद्युत् परिमाणमध्ये करिब दुई तिहाइ द्विपक्षीय सम्झौताअनुसार र बाँकी आइएक्समार्फत बिक्री गरिएको थियो। यसैबिच, भारतको प्रसारण प्रणाली प्रयोग गरी बङ्गलादेशतर्फ हुँदैआएको ४० मेगावाट विद्युत् निर्यात पनि पुनः सुरु भएको छ।

प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को तथ्याङ्कअनुसार असोज महिनामा भारततर्फ कुल ६३ करोड ३९ लाख ८६ हजार ८



युनिट विद्युत् निर्यात भएको छ। उक्त विद्युत् बिक्रीबाट पाँच अर्ब ९२ करोड ५० लाख रुपियाँ बराबरको कारोबार भएको हो।

असोज महिनामा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो । द्विपक्षीय विद्युत् बिक्री सम्झौताअनुसार भारतको हरियाणा तथा विहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आइएक्स) को डे–अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो।

प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षायामको विद्युत् प्रत्येक वर्ष भारत एवम् बङ्गलादेशमा निर्यात गर्दै आएको छ। द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा विहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ।

गत वर्ष २०८२ को असोज महिनामा भारततर्फ विद्युत् निर्यातबाट चार अर्ब ९६ करोड ३० लाख बराबरको कारोबार भएको थियो । चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम पाँच अर्ब नौ करोड २५ लाख रहेको थियो । यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम ९६ करोड २० लाखले र भदौको तुलनामा ८३ करोड २५ लाख रुपियाँले बढेको छ । चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत निर्यातबाट कुल १६ अर्ब १५ करोड १३ लाख बराबरको कारोबार भएको छ।

***बङ्गलादेशतर्फ ४० मेगावाट विद्युत् निर्यात पुनः सुरु***

नेपालबाट भारतको प्रसारण संरचना प्रयोग गरी बङ्गलादेशतर्फ हुँदैआएको ४० मेगावाट विद्युत् निर्यात गत शुक्रबार, कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ। भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बङ्गलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुर्‍याएपछि निर्यात रोकिएको थियो ।

बाढीका कारण द्विपक्षीय सम्झौताबमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिक रूपमा प्रभावित भएको थियो।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अन्य जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेशतर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएपछि निर्यात पुनः सुरु भएको प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बताउनुभयो । नयाँ व्यवस्थाअनुसार त्रिशूली, देवीघाट र चिलिमे जलविद्युत् केन्द्रको सट्टा सोलु, काबेली-१ र तल्लो मोदी जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेश तथा हरियाणातर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएको हो।

नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) बिच २०८१ असोज १७ गते वर्षायामको विद्युत् निर्यातसम्बन्धी पाँच वर्षीय सम्झौता भएको थियो। सम्झौताअनुसार प्रत्येक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्मको ६ महिनाको अवधिमा दैनिक ४० मेगावाट विद्युत् बङ्गलादेशमा निर्यात हुँदै आएको छ। यसैबिच, भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट थप ३१ मेगावाट विद्युत् निर्यात अनुमति प्राप्त भएको छ। नयाँ अनुमतिसँगै भारततर्फ निर्यात गर्न स्वीकृति प्राप्त कुल विद्युत् क्षमता करिब एक हजार १७९ मेगावाट पुगेको छ। रासस

# सामाजिक सञ्जालमा धम्की दिने चार जना पक्राउ




दैनिक समाचारदाता

जनकपुरधाम, ८ कात्तिक । भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिई रकम असुल्न खोजेको आरोपमा धनुषा प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-२० का २३ वर्षीय सुकन महतो, २६ वर्षीय सन्तोषकुमार दास, २२ वर्षीय पनेशकुमार महतो र ३० वर्षीय सुजित महतो रहेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी निरीक्षक ओमप्रकाश खनालका अनुसार आरोपितहरूले एक बालिका र एक युवकमाथि दुर्व्यवहार गरी भिडियो बनाएका थिए। उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिँदै उनीहरूले पीडितका अभिभावकबाट मोबाइल बैंकिङमार्फत छ हजार रुपियाँसमेत स्थानान्तरण गर्न लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। घटनाबारे सूचना प्राप्त भएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो। प्रहरीले आरोपितहरूको साथबाट ज १२ प ७७७७ र मधेश प्रदेश ०२-०१ प २९०२ नम्बरका दुई मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाएको छ।

पक्राउ परेका चारै जनामाथि आपराधिक लाभ लिन नहुने तथा बाल यौनदुरुपयोगसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

## जनकपुरधामका.....

आधारित चलचित्र निर्माण हुन्थे। यस्ता चलचित्र हेर्न परिवारका सदस्य एकसाथ हल पुग्ने गर्थे । चलचित्र मनोरञ्जनको माध्यम मात्र नभई समाजको अवस्था, विचार र जीवनशैली बुझ्ने अवसरसमेत हुन्थ्यो । अहिले चलचित्रको विषयवस्तु र प्रस्तुति शैलीमा आएको परिवर्तनसँगै पुराना दर्शकको आकर्षण घटेको उनको बुझाइ छ । घरमै इन्टरनेटको माध्यमबाट चलचित्र हेर्न सकिने सुविधाले पनि हलसम्म पुग्ने आवश्यकता कम गरिदिएको छ ।

जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्रकुमार भण्डारी पनि सिनेमा हलको खस्कँदो अवस्थालाई बदलिँदो सामाजिक परिवेश र दर्शकको रुचिसँग जोड्छन् । उनका अनुसार पहिले परिवारलाई जोड्ने, सामाजिक संस्कार र जीवनका विभिन्न पक्षलाई समेट्ने चलचित्र हेर्न मानिसहरू हल पुग्थे । अहिले चलचित्रको विषयवस्तु र हेर्ने माध्यम दुवै परिवर्तन भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका दर्शकको हलप्रतिको आकर्षण घटेको छ । घरमै युट्युबबाट नयाँ चलचित्र हेर्न सकिने भएपछि हलको व्यवसाय थप प्रभावित भएको छ ।

भण्डारीका अनुसार लगानीअनुसार आम्दानी नहुँदा सिनेमा हल सञ्चालन गर्न कठिन हुँदै गएको छ । केही हल जसोतसो चलिरहेका छन् भने केही बन्द हुने अवस्थामा पुगेका छन् । कुनै समय जनकपुरधामको पहिचान र मनोरञ्जनको महत्त्वपूर्ण केन्द्र बनेका सिनेमा हल अहिले आफ्नो अस्तित्व जोगाउन सङ्घर्ष गरिरहेका छन् ।

सिनेमा हलको सङ्कटलाई प्रविधिको प्रभाव वा दर्शकको रुचिमा आएको परिवर्तनका रूपमा मात्र हेर्न मिल्दैन । यो मनोरञ्जनको माध्यमसँगै सहरको सांस्कृतिक जीवनमा आएको परिवर्तन पनि हो । आधुनिक प्रविधि, गुणस्तरीय प्रदर्शन सुविधा, दर्शकमैत्री वातावरण र समयअनुकूल चलचित्रको छनोटमा ध्यान दिन सके हल व्यवसायले पुनर्जीवन पाउने सम्भावना रहन्छ। अन्यथा, कुनै समय दर्शकको चहलपहलले गुञ्जायमान हुने जनकपुरधामका सिनेमा हल इतिहासका सम्झनामा मात्र सीमित हुने जोखिम छ ।

## पुरुष झुण्डिएको.....

प्रहरी टोलीले रिनाको घाँटीमा धारिलो हतियारले काटिएको चोट रहेको र मृत अवस्थामा रहेको फेला पारेको थियो । बालक सम्राटको दाहिने तिघ्रामा काटिएको प्रहरीले जनाएको छ।

घाइते बालकलाई स्थानीय क्लिनिकमा प्राथमिक उपचार गराएपछि थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको थियो । हाल बालकको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

घटनापछि फरार रहेका उमेशको खोजी गर्ने क्रममा घटनास्थलबाट करिब एक किलोमिटर पश्चिम मिथिला बिहारी नगरपालिका -२ मा सिर्सिया जाने बाटोको दक्षिणपट्टि रहेको आँपको रूखमा झुण्डिएको अवस्थामा उनको शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनास्थलको मुचुल्का तयार गरी रिनाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाएको छ । घटनाको कारण खुल्न नसकेको र यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

सुरक्षित यात्रा गरौं ।

❖ सवारी साधनको क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
❖ सवारी साधनको छतमा बसेर यात्रा नगरौं,
❖ मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,



❖ बाढी, पहिरो तथा जोखिमपूर्ण सडकमा सवारी साधन चलाउँदा ध्यान दिऔं ।

दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४